जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९
स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २२ २०८१ साल साउन २५ गते शुक्रबार (9 Aug. 2024 Friday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**




*यस अंक भित्र :* २ पृष्ठमा : पत्रकारिता जगतप्रति... ३ पृष्ठमा : आयुर्वेद प्रतिष्ठानको आवश्यक ... ३ पृष्ठमाकठिन समयमा आमालाई सहयोग...

# शल्यक्रिया कै क्रममा जलेर घाइते भएका महतोद्वारा क्षतिपूर्ती माग

**दैनिक समाचारदाता राजविराज, २४ साउन ।**

उपचारका क्रममा विद्युत प्रवाहमा अचानक आएको गडबडीले शल्यक्रिया कक्ष मै करेन्ट लागेर शरीरका विभिन्न भाग जलेर घाइते भएका एक युवकले क्षतिपूर्तको माग गरेका छन् ।

सिरहाको कल्याणपुर नगरपालिका १२ बेल्हा टोल वस्ने २४ वर्षिय रामबाबु महतो यस्तो माग गरेका हुन् । उनी ४ महिना अघि फिस्टुला रोगको उपचार गराउन सिरहास्थित प्रादेशिक अस्पतालमा भर्ना भएका थिए ।

शल्यक्रिया गराउने क्रममा चिकित्सकको लापरवाहीले घुँडा र तिघ्रामा करेन्ट लागेर घाउँ नै घाउँ भएको बताउने महतोले आफ्नो उपचार तथा क्षतिपुर्तीको व्यवस्थाका साथै घट्नाको अनुसन्धान गर्न समेत माँग समेत गर्दै आएका छन ।

उनले आफ्नो उपचारमा लापारवाही गर्ने चिकित्सक डा.नागेन्द्र प्रसाद यादव अहिले सरुवा भई राजविराजस्थित गजेन्द्र नारायण सिह अस्पताल आईपुगेकाले न्याय खोज्दै राजविराज आएको बताए । आफ्नो् शल्यक्रिया गर्ने डाक्टर हाल गजेन्द्र नारायण सिह अस्पतालको मेडिकल सुपरिटेन्डेन्ट भइ आएको थाहा पाएपछी न्यायका लागी यहाँ सम्म आइपुगेको उनले बताए ।

घट्नाका बेला डा.यादव भने सिरहास्थित प्रादेशिक अस्पतालमा कार्यरत थिए । त्यती बेला उपचार गराउँदा डा.यादवले शल्यक्रिया गरेर फिस्टुलाको उपचार गर्नू पर्छ भन्ने सल्लाह दिएपछी आफूले उनै सित शल्यक्रिया गराएको उनको भनाई छ ।



**सिरहाको कल्याणपुर १२ बस्ने २४ वर्षिय पीडित रामबाबु महतो**

शल्यक्रिया गर्ने क्रममा प्रयोग गरिएका विद्युतीय उपकरणबाट अचानक आफ्नो घुँडा र तिघ्रामा करेन्ट लागेर नराम्ररी जलि घाउ भएको र अहिले सम्म निको नहुँदा हिडडुल गर्न समेत समस्या भएको उनले बताए । लापरवाही गर्ने डाक्टर बिरुद्ध सिरहा जिल्ला प्रहरी कार्यालय तथा नगरपालिकाको न्यायिक समितीमा उजुरी दिएपनि अहिले सम्म न्याय पाउन नसकेको उनको गुनासो छ ।

खुट्टाको विभिन्न भाग जलेपछी हिडडुल गर्न समस्या तथा बाहिर कतै गएर काम गर्न असमर्थ भएपछी परिवारको खर्च धान्न समेत समस्या भएको पीडित महतोले बताए ।

यता महतोले न्याय पाउनु पर्छ भनि प्रदेशसभामा पनि यो विषयले प्रवेश पाएको छ । सप्तरीबाट प्रदेश साँसद रहेकी किरण कुमारी साहले बुधवार घट्नाको अनुसन्धान, पीडित महतोको उपचारको व्यवस्था, क्षतिपुर्ती र परिवारको भरण पोषणको मागँ गर्दै प्रदेश सभाकमा सरकारको ध्यानाकर्षण गराएकी छिन । उनले चिकित्सकको लापरवाहीले बिरामी थप पीडित बनेको तथा आर्थिक, मानसिक र शारिरीक पीडा भोग्न बाध्य भएको भन्दै अस्पताल प्रशासन, सम्बन्धित चिकित्सक तथा प्रदेश सरकार सबै मिलेर महतोलाई सहयोग गर्नु पर्ने आवश्यक्ता औंल्याए ।

यता हाल गजेन्द्र नारायण सिह अस्पतालका प्रमुख रहेका डा.यादवले शल्यक्रिया गर्ने क्रममा एक्कासी विद्युतीय उपकरणमा हाइभोल्टेज आएका कारण महतोको तिघ्रा र घुँडा जल्न गएको बताएका छन् । “कुनै लापरवाही गरिएको छैन, डा.यादवले भने-फिस्टुलाको अप्रेशन गर्ने क्रममा कटरी मेशीन (शल्यक्रियामा प्रयोग हुने उपकरण) विद्युतबाट चलाई रहेका बेला अचानक हाईभोल्टेज प्रवाह भई महतोको घुँडा र तिघ्राको केही भाग जल्न गएको हो ।”

सिरहामा हुदा सम्म मैले उनको निःशुल्क रुपमै सकेसम्म उपचारको प्रयास गरेको थिए र अहिले राजविराजमा आइपुग्दा पनि उनको निःशुल्क उपचार गर्न तयार छुँ, उनले भने । उनले महतोको घाउको नियमित ड्रेसिङ गर्नू पर्ने देखिएकाले थप समस्या बढ्नु अगावै सम्पर्कमा आउन आग्रह समेत गरेका छन । पीडित महतोले भने क्षतिपुर्ती लिई आफू अन्यत्रै उपचार गराउने अडान लिएका छन ।

# पत्रकार महासंघद्वारा प्रेस स्वतन्त्रता विरोधी घटनाको छानबिन गरी दोषीउपर कानुनी कारबाहीको माग

**दैनिक समाचारदाता राजविराज, २४ साउन ।**

समाचार संकलनका क्रममा सप्तरीमा पत्रकारमाथि दुर्व्यवहार भएको घटनाप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

महासंघका महासचिव रोशन पुरीद्वारा बिहीबार जारि विज्ञप्तिमा सप्तरीको राजगढ गाउँपालिकामा विभिन्न माग राखी स्थानीय बासिन्दा र उक्त पालिकाका बहुमत जनप्रतिनिधिले गरिरहेका चरणवद्ध आन्दोलनको समाचार संकलनका क्रममा पत्रकारमाथि पालिका अध्यक्ष ओमप्रकाश मण्डलले गरेको दुर्व्यवहार र समाचार संकलनमा गरिएको अवरोधको घटनाप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको उल्लेख छ ।

विज्ञप्तिमा समाचार संकलनका लागि उक्त गाउँपालिका पुगेका महासंघ सप्तरीका सचिव एवं कान्तिपुर टेलिभिजनका सम्वाददाता रामनारायण विश्वास, कोषाध्यक्ष नवीनकुमार गुप्ता, सदस्य विद्यानन्द रामलगायतलाई पालिका अध्यक्ष मण्डलको प्रत्यक्ष संलग्नतामा दुर्व्यवहार र समाचार संकलनमा अवरोध गरिएको जनाइएको छ ।

विज्ञप्तिमा भनिएको छ, “पत्रकारको परिचय दिँदादिँदै गापा अध्यक्ष मण्डलले ‘मेरो अनुमती बिना यो कार्यालय कसरी प्रवेश गरेको यो अफिसको मालिक म हो, मेरो आदेशबिना केही हुँदैन, मेरो आदेश बिना हाकिमको कार्यकक्ष किन प्रवेश गरेको’ भन्दै जंगिदै कुटपिटको प्रयाससमेत गर्नुका साथै उनका समर्थकहरुले कान्तिपुर टेलिभिजनको माइक खोसेर तीनैजना पत्रकारलाई करिब १० मिनेट थुनेर राखिएको थियो ।”

कुनै पनि सार्वजनिक विषयका समाचार र सूचनालाई नागरिक र सरोकारवाला निकायमा पुर्‍याउन भूमिका निर्वाह गर्ने पत्रकारलाई सघाउनुको साटो सार्वजनिक पदमा वहाल अध्यक्षजस्तो जिम्मेवार व्यक्तिबाट पत्रकारमाथि गरिएको यो व्यवहार अत्यन्त निन्दनीय, अशोभनीय र अमर्यादित रहेको महासंघले ठहर गरेको छ ।

सोही विज्ञप्ति मार्फत अध्यक्ष मण्डलको यस्तो हर्कतले प्रेस स्वतन्त्रतामा आघात पुग्नुका साथै प्रचलित कानुनको समेत उल्लंघन भएको महासंघको ठहर गर्दै महासंघ प्रेस स्वतन्त्रताविरोधी यो घटनाको छानबिन गरी दोषीउपर कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाइ प्रेसको संवैधानिक अधिकारको सम्मान गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराएको छ ।




## जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौं: सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी

## सम्पादकीय ....

### पत्रकारिताको लागि असुरक्षित बन्दै गएको वातावरण

यस सप्ताह मात्र सप्तरीको छुट्टछुट्टै दुई पालिकाले पत्रकार माथि दुर्व्यवहार र धम्की दिएको खबर सामुन्ने आएपछि सप्तरीमा पत्रकारिताको लागि वातावरण असुरक्षित बन्दै गएको भन्न सकिन्छ। महादेवा गाउँपालिकाको समाचार लेखेकै कारण एक पत्रकारले धम्की खेप्नु पर्यो भने राजगढ गाउँपालिकामा समाचार संकलनका लागि गएको पत्रकारहरु मध्ये तीन जना पत्रकारलाई थुनिनु परेको खबरले सप्तरी कसरी पत्रकारिता गर्ने टडकारो प्रश्न यहाँका पत्रकारहरुको समक्ष खडा भएको छ। लोकतन्त्र, पूर्ण प्रेस स्वतन्त्रता र वाक स्वतन्त्रताका हिमायती भएको भन्न पछि नपर्ने पालिकाहरु र त्यसका जनप्रतिनिधिहरुले त्यस्कै विपरीत व्यवहारमा काम गर्नुले लोकतन्त्र कसरी बाच्छ भन्ने प्रश्न यसैसँग उठदछ।

राज्यको चौथो अंग भनिने र चुनिएका जनप्रतिनिधिहरुबाट बोलाईमा प्रेसको स्वतन्त्रताको रक्षा गर्न पछि नपर्ने अभिव्यक्ति दिई रहँदा पनि केही जनप्रतिनिधिहरुको पत्रकार विरुद्धका यस्ता क्रियाकलापले सबै जनप्रतिनिधिहरुको छवि धुम्ल्याउने काम हुन्छ। त्यसैले जनप्रतिनिधिहरुले बोलाई र गराईमा समानता ल्याउनु अपरिहार्य छ। प्रशासनले पत्रकारको सुरक्षाका लागि प्रतिबद्ध रहेको भने पनि कसुरवालालाई कार्वाहीको साटो मेलमिलाप गराएरै मुद्दा सल्टयाउने कार्य गरेर पत्रकारको लागि वातावरण सुरक्षित र सहज बनाएको भनि दावी गर्दछ। तर पत्रकार विरुद्धको क्रियाकलापको घटनामा कुनै दोषी उपर कहिल्यै कार्वाही नहुने र पत्रकारहरुले पनि मेलमिलाप मै विश्वास गर्नाले पटक पटक यस्ता घटना दोहोरिने गर्दछ। त्यसैले पत्रकार होस् वा प्रशासन दुवैले दोषीलाई बोलाई माफी मात्र मगाई वातावरण सुरक्षित भएको भन्दै पुनः काम लाग्नुले यस्ता घटना गर्नेलाई प्रोत्साहन मिल्दछ भन्ने कुरा बुझ्नुपर्छ।

तसर्थ स्वतन्त्र पत्रकारिता र त्यसको ग्यारेन्टीको सुनिश्तिताका लागि भएपनि यस्ता घटनाका दोषिलाई कारवाहीकै प्रक्रियामा जानुको विकल्प छैन्।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# पत्रकारिता जगतप्रति असहिष्णुता किन ?



राजेश झा

साउन २२ गते समाचार संकलनका लागि सप्तरीको राजगढ गाउँपालिका पुगेका पत्रकारहरुमाथि त्यस गाउँपालिकाका अध्यक्षले दुर्व्यवहार गर्दै कोठामा थुनेको समाचारले तरङ्ग नै ल्यायो। गैरकानुनी रूपमा गाउँसभा गरेको भन्दै केही जनप्रतिनिधि र स्थानीयले मंगलबार २२ गते गाउँपालिका अध्यक्ष ओम प्रकाश मण्डललाई ज्ञापनपत्र बुझाउने कार्यक्रमको समाचार संकलनका लागि पत्रकारहरु गएका थिए। समाचार संकलनका लागि गएका पत्रकारहरु आर.एन. विश्वास, नवीनकुमार गुप्ता र विद्यानन्द रामसँग गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डलले पत्रकारको माइक खोस्दै प्रमुख प्रशासकीय अधिकृतको कोठामा थुनेर दुर्व्यवहार गरे। विश्वास नेपाल पत्रकार महासंघ सप्तरीका सचिव तथा कान्तिपुर टेलिभिजनका उपसम्पादक समेत हुन् भने गुप्ता महासंघका कोषाध्यक्षसँगै राजविराज दैनिक पत्रिकासँग आबद्ध छन्। यसैगरी विद्यानन्द नेपाल समाचारपत्रका जिल्ला संवाददाता हुन्। घटनापछि नेपाल पत्रकार महासंघ सप्तरी आन्दोलित भएको छ।

राजगढ गाउँपालिकाका अध्यक्ष मण्डलले विधि, पद्धति र ऐन विपरीत १३औं गाउँसभा गरेको भन्दै उपाध्यक्षसहित १७ जना गाउँसभा सदस्यहरु पुनःगाउँसभा गर्नुपर्ने लगायतका विभिन्न मागसहितको ज्ञापन पत्र साउन २० गते प्रमुख जिल्ला अधिकारी मेखबहादुर मंग्रातीलाई बुझाएका थिए। उक्त ज्ञापन पत्रको बोधार्थ सोही दिन मधेस प्रदेश सरकारका मुख्यमन्त्री र संघ सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई समेत पठाएको थियो। सो ज्ञापनपत्रको मागसहितको बोधार्थ पत्र गाउँपालिका अध्यक्ष मण्डललाई बुझाउने कार्यक्रमको समाचार संकलनका लागि तीनै जना पत्रकारहरु त्यहाँ पुगेका थिए।

यसैगरी राजविराज दैनिकमा गत ११ साउनमा नवीनकुमार गुप्ताले "महादेवामा काम नगरी करोडौंको भुक्तानी" शीर्षकको समाचार लेखेपछि गुप्तालाई ज्यान मार्ने धम्की आयो।

तथ्यको आधारमा समाचार लेखेकै कारण पत्रकार गुप्तालाई महादेवा गाउँपालिकाका अभिषेक मण्डलले फोन गरेर समाचारमा मेरो नाम किन जोडेको भन्दै ज्यान मार्ने धम्की दिएका थिए। मण्डलले माफी माग्दै गल्ती भएको स्वीकार गरेपछि पत्रकारहरुको आन्दोलन स्थगित भएको थियो। धम्की दिने मण्डललाई पनि पत्रकार महासंघको समन्वयमा जिल्ला प्रहरी कार्यालयले २४ घण्टापछि रिहा गरेको थियो।

समाचारकै कारण पत्रकार मनोहर पोखरेलसँग प्रहरीले गरेको अभद्र ब्यवहार र त्यसपछि तत्कालिन प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापाको अभिब्यक्ति र ब्यवहारका कारण सप्तरीका पत्रकारहरु आन्दोलित नै भएका थिए। विभिन्न चरणमा भएको आन्दोलनपछि प्रजिअ थापाले आफ्नो गल्ती स्वीकारेपछि आन्दोलन स्थगित भएको थियो।

माथि उल्लेखित घटनाहरु प्रतिनिधिमूलक मात्र हुन्। यस्ता खाले थुप्रै घटनाहरुको सप्तरीका पत्रकारहरुले सामना गर्दै आएका छन्। भोग्दै आएका छन्। पछिल्ला केही बर्षदेखि पत्रकारमाथि यस्ता खालका घटनाहरुले सप्तरीका जनप्रतिनिधि तथा समाज असहिष्णु बन्दै गएको देखिन्छ।

सञ्चार भनेको सूचना र विचारको आदान-प्रदान हुने सामाजिक प्रक्रिया हो। मानिसलाई सामाजिकीकरण गर्ने मूल माध्यम पनि सञ्चार हो। मानिसभित्र रहेका विचार, भावना र सोचलाई एक-आपसमा आदानप्रदान गर्न सहयोग पुऱ्याउने भएकाले सञ्चार र समाजको अन्तरनिर्भरतापूर्ण सम्बन्ध रहेको छ।

मानव सभ्यताको विकास क्रमसँगै मानिसहरूमा स्वार्थपूर्ण सम्बन्ध बढ्दै गएको देखिन्छ। जब मानिसले सूचना र सन्देश प्राप्त गर्नका लागि सञ्चारमाध्यममा निर्भरता बढाउँदै गयो, त्यसले अन्तरनिर्भरताको पक्षलाई मलजल गरेको देखिन्छ। पछिल्ला दिनहरूमा आएर मानिसहरूले सञ्चारमाध्यमलाई आवश्यकता अनुसार उपभोग गरेको पाइन्छ। सूचना प्राप्तिदेखि मनोरञ्जनका लागि मात्र होइन, सामाजिक सम्बन्धहरूको सुरुवातदेखि सुधार गर्नसमेत सञ्चारमाध्यमको प्रयोग गरिएका उदाहरणहरू प्रशस्तै छन्। पछिल्ला दिनहरुमा पत्रकार तथा सञ्चारमाध्यमहरुलाई आफ्नो स्वार्थ अनुसार उपभोग मात्र हैन उपयोग गर्न लागिपरेको देखिन्छ। तर, सञ्चारमाध्यमबाट यस्ता स्वार्थ पूरा नहुदाँ यस्तै आक्रमणको घटनाहरु सिर्जना हुन्छन्।

सामाजिक सम्बन्धहरू व्यक्तिको स्वभाव र व्यवहारले निर्धारण गर्ने गर्दछ। समाजले नरुचाउने सम्बन्धहरूले समाज नै विकृत बनाउँछ। व्यक्तिको आचरण, व्यवहार तथा अभ्यास नै समुदायको दर्पण भएकाले समाज त्यसबाट अछुतो रहन सक्दैन। व्यक्ति, समुदाय हुँदै समाजमा पर्ने प्रभावले सामाजिक अन्तरक्रियाहरूलाई सकारात्मक वा नकारात्मक दिशानिर्देश गरेको हुन्छ। सञ्चार जगतमा पनि त्यसको प्रभाव पर्दै गएको छ। ब्यक्तिको आचरण र ब्यवहारले हरेक क्षेत्रका मानिसको ब्यक्तित्व झल्काउने गर्दछ। पत्रकारिता जगतमा यस कुराले अझ धेरै प्रभाव पारेको छ। अनियमितता, भ्रष्टाचार, अनैतिक क्रियाकलाप, सामाजिक कुरीति जस्ता घटना तथा बिषयवस्तुहरुलाई उजागर गर्न थालिएपछि पछिल्ला केही बर्षदेखि सप्तरीमा पत्रकारितालाई नरुचाउने जमात बढ्दै गएको देखिन्छ। सप्तरीमा करिब २० बर्ष पत्रकारिता गर्दाको मेरो अनुभवले पनि विगतमा यस्ता खालका घटनाहरु अत्यन्तै न्युन रहेको देखाउँछ।

पछिल्लो समयमा सामाजिक सञ्जालहरूको प्रयोग गर्ने युवाहरूको संख्या बढिरहेको छ। सञ्चारमाध्यम भनेको समाचार, जानकारी मात्रै होइन, विचारसमेत प्रवाह गरिने माध्यम पनि हो। तर,सामाजिक सञ्जालहरूलाई सावधानीपूर्वक प्रयोग नगरिएकै कारण विभिन्न सामाजिक अपराधका घटनाहरू बढिरहेका छन्। सामाजिक सञ्जाललाई आफ्नो स्वार्थ पूर्ति गर्ने थलो, अरुलाई बदनाम गर्ने, लाञ्छना लगाउने, चरित्रहत्या गर्ने थलोको रुपमा प्रयोग गर्न थालिएको छ। जसलाई नियमन गर्नु पनि त्यत्तिकै जरुरी छ।

मुलुक संघीय गणतन्त्रमा प्रवेश गरेपछिको परिवर्तित परिवेशमा स्थानीय तहहरुमा विभिन्न किसीमले बेथिती मौलाउँदै गएको छ। एकातिर अनियमितता, भ्रष्टाचार, बेथिती मौलाउँदै गएको छ भने कतै कतै जनप्रतिनिधिहरुमा तानाशाही प्रवृत्ति समेत हावी हुँदै गएको आरोप लाग्ने गरेको छ। राजनीतिक तथा सामाजिक क्षेत्रका अगुवाहरुले स्थानीय तहका नेतृत्ववर्गप्रति लक्षित गर्दै समय समयमा प्रयोग गर्ने ब्यङ्ग्यात्मक शब्द "छोटे राजा" वास्तवमा सावित पनि हुँदै गएको छ। "विधि, प्रक्रिया, नीति, नियम केही पनि होइन, मैले भनेपछि सबै हुनुपर्छ" भन्ने मानसिकताले जरो गाडेको छ। जसले गर्दा त्यस्ता मानसिकता भएका जनप्रतिनिधि तानाशाह बन्दै गएको आरोप लाग्ने गरेको छ।

त्यस्तै तानाशाहको आरोप लागेपछि वास्तविकता बुझ्न जाँदा भएको दुर्व्यवहार सम्बन्धी राजगढ गाउँपालिकाको समाचार आएपछि त्यसमाथि प्रतिक्रिया जनाउनेहरुले सञ्चारकर्मीहरुको खेदो नै खने। कुनै खोजमुलक समाचार वा अनियमितता, भ्रष्टाचार वा कुनै सामाजिक बिषयवस्तुसँग जोडिएका बिषयमा लेखिएको समाचारप्रतिको प्रतिक्रियाले नै हाम्रो समाज कतातिर गईरहेको छ भन्ने स्पष्ट हुन्छ। समाचारले उठान गरेको बिषयवस्तु, पत्रकारिताको धर्म, सिद्धान्त र सिमा के हो त्यस बारेमा जानकारी हासिल नगरी अनावश्यक टिकाटिप्पणी, लाञ्छना लगाउने कार्यहरु हुँदै आएको छ। थोरै मात्र अध्ययन गरेर आफ्नो धारणा बनाउने प्रवृतिको शिकार बन्दै गएको छ सप्तरीको पत्रकारिता। समाचार वा आलेख सामाजिक सञ्जालमा पोष्टिएपछिको प्रतिक्रियाले त झन् कहिलेकाँही विरक्त लाग्ने गर्छ भने रिस पनि त्यत्तिकै उठेर आउँछ। तर,समाजप्रतिको उत्तरदायित्वलाई आत्मसात गर्दै त्यसलाई नियन्त्रण गरि आफ्नो कर्मप्रति सञ्चारकर्मीहरुले ध्यान पुऱ्याउनुपर्ने हुन्छ।

पत्रकारिताको पनि आफ्नै धर्म हुन्छ। आचार संहिता हुन्छ। सञ्चारकर्मी तथा सञ्चारमाध्यमहरु त्यसमा बाँधिनु पर्ने हुन्छ। पालना गर्नुपर्ने हुन्छ। समाजमा रहेको सकारात्मक तथा सुधार गर्नुपर्ने पक्षहरुमाथि निष्पक्ष रुपले कमल चलाउनु पत्रकारिताको धर्म तथा सिद्धान्त हो। सप्तरीको पत्रकारिता पनि त्यसै धर्ममाथि अडिग रहँदै आएको छ। तर, समाजले यस कुरालाई नबुझिकनै पत्रकारिता जगतमाथि नकारात्मक धारणा तय गर्न तम्सिन्छ। अन्य ठाउँको तुलनामा सप्तरीको पत्रकारिता समाजप्रति विगतदेखि नै संवेदनशिल, उत्तरदायी र अनुशासित रहँदै आएको छ।

हरेक कुराको सकारात्मक र नकारात्मक गरी दुईटा पाटो हुन्छ। पत्रकारितामा पनि केही ब्यक्ति तथा संस्थाका कारण आम समुदायमा नकारात्मक धारणा बनेको होला। नहोला त्यो भन्न सकिन्न। तर, एक दुई जना विग्रिदैमा सिंगो समाजलाई गाली गर्नु न्यायोचित होइन। पत्रकारिता अन्य पेशाको तुलनामा संवेदनशील पेशा भएकोले एक दुई जनालाई पनि विग्रिने छुट छैन। पत्रकारिताको सिद्धान्त तथा आचार संहिताको पालना गर्नु सवैको दायित्व हो।

समाज परिवर्तनका लागि विगतमा भएका हरेक आन्दोलनमा सप्तरीको पत्रकारिता जगतले साथ र सहयोग गर्दै आएको छ। प्रजातान्त्रिक आन्दोलन होस्, गणतन्त्र प्राप्तीको आन्दोलन होस् या मधेश आन्दोलन होस्, सप्तरीका पत्रकार तथा सञ्चारमाध्यमले भरमग्दुर सहयोग गरेको कसैबाट लुकेको छैन। विगतका आन्दोलनहरुमा पेशागत महासंघको एउटा सशक्त सदस्य भएको नाताले नेपाल पत्रकार महासंघ सप्तरी शाखा हरेक आन्दोलनमा काँधमा काँध मिलाएर होमिएकै हो।

विगतमा पत्रकारको हरेक सुखदुःखमा साथ दिएका पेशागत महासंघ तथा राजनीतिक दलहरु पछिल्लो केही बर्षदेखि सप्तरीको पत्रकारिता जगतसँग मुख मोडेका छन्। पत्रकारहरुमाथि भएका आक्रमण, दुर्व्यवहार जस्ता घटनाहरुमा सप्तरीका राजनीतिक दल तथा पेशागत महासंघ चुप लागेर बसेको देखिन्छ। समाजको सबै वर्ग, तहतप्का, निकायका लागि सञ्चारकर्मी तथा सञ्चारमाध्यमले बोलि दिनुपर्ने, लेखिदिनु पर्ने तर पत्रकारितामाथि संकट आईपर्दा समाजका कुनै वर्ग वा निकायले पत्रकारिता जगतलाई साथ दिंदैनन्। कुनै ब्यक्ति, संस्था वा समाजमाथि कुनै समस्या आएमा सहयोग तथा समाधानका लागि पत्रकारलाई खोज्ने गरिन्छ तर पत्रकारमाथि समस्या/संकट आएपछि कोही पनि अगाडि आएर सहयोग गर्न चाहँदैनन्। चाहे त्यो पेशागत संगठन होस् या राजनीतिक संगठन। राजगढ गाउँपालिकामा भएको दुर्व्यवहार होस् या महादेवा गाउँपालिकाको ज्यान मार्ने धम्कीपछिको आन्दोलनको कार्यक्रम होस् पत्रकारको आन्दोलनमा पत्रकार बाहेक कसैले सहानुभूति समेत प्रकट गर्दैनन्। पत्रकारिताप्रतिको समाजको दृष्टिकोण र धारणा यसबाट पनि प्रष्ट हुन जान्छ। पत्रकारिता बिनाको समाजको कल्पना पनि गर्न सकिदैन। पटक पटक पत्रकार र पत्रकारितामाथिको आक्रमणले अन्ततः समाजनै कमजोर हुन जान्छ। तसर्थ समयमै यसतर्फ सोच्नु सबै पक्षको दायित्व हुनजान्छ। अस्तु।

# आयुर्वेद प्रतिष्ठानको आवश्यक छ

प्राडा चन्द्रराज सापकोटा
काठमाडौँ, २४ साउन (रासस) ।

आयुर्वेद संसारकै पुरानो चिकित्सा पद्धति हो । पूर्वीय दर्शनमा आधारित यो पद्धति अहिले पनि उत्तिकै सान्दर्भिक र भरपर्दो छ । आयुर्वेद क्षेत्रको उन्नयनका लागि गरिनुपर्ने कामहरू लामो समयदेखि रोकिएको छ । स्वास्थ्यको क्षेत्रमा सबैभन्दा पुरानो विधा आयुर्वेद हो । आयुर्वेदपछि अन्य विधाहरू पनि यसमा संलग्न हुन आए । नेपालको सन्दर्भमा पनि जेठो स्वास्थ्य संस्थाका रूपमा सिंहदरबार वैद्यखानालाई लिन सकिन्छ । राजा प्रताप मल्लको पालामा स्थापना भएको यो संस्था दक्षिण पूर्व एसियाकै पुरानो संस्था हो ।

नेपालमा शिक्षा दिने संस्थाका रूपमा त्रिभुवन विश्वविद्यालय अन्तर्गतको आयुर्वेद क्याम्पस कीर्तिपुरमा छ । आयुर्वेदका विधाहरूलाई ७७ वटा जिल्लामा सञ्चालन गर्न आयुर्वेद विभाग छ । चिकित्साका लागि केन्द्रीय चिकित्सालयका रूपमा आयुर्वेद चिकित्सालय नरदेवीमा छ । यी सबै संस्थाहरू जुन रूपमा चल्नुपर्ने हो, त्यो चलेको अनुभूति गर्न पाइएको छैन । यसो हुनुको मुख्य कारण आयुर्वेद क्षेत्रमा राजनीतिक हस्तक्षेप धेरै हुनु हो । दुई/चार महिनामै मन्त्री फेरिने र यसले योग्यभन्दा पनि आफ्नो कार्यकर्तालाई ती निकायहरूको जिम्मेवारी दिने प्रवृत्तिले संस्थाहरू दिन प्रतिदिन धराशयी बन्दै गएका छन् ।

आयुर्वेद शिक्षा २०२९ सालभन्दा अगाडि नेपाल सरकारबाट सञ्चालित हुँदाखेरि पूर्वमध्यमा, शास्त्री र आयुर्वेदाचार्यसम्मको पठनपाठन नरदेवीमा नै भएको थियो । विसं २०२९ मा नयाँ शिक्षा ऐन लागू भएपछि इन्स्टिच्युट अफ मेडिसिनअन्तर्गत आयुर्वेदलाई पनि लिएर जाने भनेर नीति ल्याइयो । जुन इन्स्टिच्युट अफ मेडिसिन २०२९ सालमा बनेपछि आचार्यसम्म भएको पठनपाठनलाई तल झारियो । आयुर्वेदको एउटा मात्रै विधा नरदेवीमा कायम राखियो भने एलोपेथीको विधा महाराजगञ्जमा सारियो । त्यो बेला आयुर्वेदतर्फ आयुर्वेद तथा जनरल मेडिसिन, एलोपेथीको जनरल मेडिसिन, फार्मेसी, रेडियोग्राफी, नर्सिङसहितका पाँचवटा विधा थियो ।

एलोपेथीतिर अहिले एमबिबिएस गरेपछि पिजी, एमडी, एमएस, डिएमसम्म २९ वटा विधा छन् । आयुर्वेदमा बिएएमएस गरिसकेपछि २२ वटा विधामा एमडी गर्न सकिने व्यवस्था छ तर अहिले काया चिकित्सा भन्ने विषयमा मात्रै एमडी छ । अरू त्यहाँ पठनपाठन छैन । आयुर्वेदमा अन्य विधाहरू सञ्चालन गर्न हामीले निकै प्रयत्न गरियो । नेपालमा आयुर्वेदको जनशक्ति आवश्यकता भए पनि नीतिगत रूपमा नै त्रिभुवन विश्वविद्यालय र नेपाल सरकारले यसका अन्य विधाहरू ल्याउन सकेन ।

नेपाल यति धनी देश हो, जसको समायोजन र व्यवस्थापन राजनीतिक रूपमा हुन सकेन । नेपालमा हिमाल, पहाड तराईमा हुने जडीबुटीहरू प्रशस्त छन् । वनसँग समन्वय गरेर ती जडीबुटीबाट हामीले नेपालभित्रै उद्योगहरू बनाएर आयुर्वेदिक औषधि उत्पादन गर्न सक्छौं । यसका लागि सबैभन्दा पहिला शिक्षा आवश्यक पर्छ ।

राष्ट्रिय शिक्षा आयोग २०४९ को प्रतिवेदनमा पठनपाठन, आयुर्वेद अनुसन्धान, जडीबुटी उत्पादन तथा औषधि निर्माण, शिक्षण चिकित्सालयको पठनपाठन, व्यवस्थापन गर्ने एउटा अध्ययन संस्थानको स्थापना गर्नुपर्छ भन्ने उल्लेख छ । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ मा प्राडा बल्लवमणि दाहालको संयोजकत्वमा गठन गरिएको समितिले बुझाएको प्रतिवेदनमा शिक्षा कस्तो हुने भन्ने विषयमा उल्लेख गर्दै आयुर्वेद चिकित्सालयका लागि आवश्यकमध्ये दक्ष र कर्तव्यनिष्ठ विभिन्न स्तरको जनशक्ति उत्पादन गर्न त्रिभुवन विश्वविद्यालयमा तत्कालै र जडीबुटीलाई व्यवस्थित, मर्यादित र आयआर्जन गर्नका लागि अरू क्षेत्रबाट पनि गर्न सकिने प्रावधान राखिएको थियो । त्यसैको आधारमा स्वास्थ्य मन्त्रालयले वीर अस्पताल प्रतिष्ठान र आयुर्वेद प्रतिष्ठान पनि चाहिन्छ भनेर सुरु गरेको कुरा हो ।

सो प्रतिवेदनले आयुर्वेद शिक्षालाई नेपालको जडीबुटीलाई व्यवस्थापन गर्नका लागि इन्स्टिच्युट अफ आयुर्वेदको अवधारणा ल्याएर जाने, इन्स्टिच्युट अफ मेडिसिनले यसलाई समेट्न सकेन भनेर प्रतिवेदनमा उल्लेख गरेको थियो । हामी आयुर्वेद चिकित्सक सङ्घमा रहँदा पनि त्यो विषयलाई जोडतोडका साथ उठायौं विसं २०५० मा प्राध्यापक डा एलएम (लोकेन्द्रमान) सिंहको संयोजकत्वमा कमिटी बन्यो र त्यो कमिटीले दिएको प्रतिवेदनमा राष्ट्रिय आयुर्वेद चिकित्सा पद्धति भनेर नीति दिएको थियो । त्यो नीति एक/डेढ वर्ष त्यतिकै थन्कियो । पछि २०५१ सालमा फेरि सरकार परिवर्तन भएर आएपछि पास भयो ।

तत्कालीन स्वास्थ्यमन्त्री अर्जुननरसिंह केसीको कार्यकालमा आएको नीतिमा सर्वप्रथम शिक्षाको उन्नयनका लागि इन्स्टिच्युट अफ आयुर्वेद बनाउने भनेर लेखिएको छ । पहिले त्रिभुवन विश्वविद्यालयअन्तर्गत बनाउने अनि त्यो सम्पन्न भएपछि दोस्रोमा नेपाल संस्कृत विश्वविद्यालयमा पनि इन्स्टिच्युट अफ आयुर्वेद बनाउने भनेर त्यो नीतिमा स्पष्टरूपमा लेखिएको छ । नेपाल संस्कृत विश्वविद्यालयको इन्स्टिच्युट अफ आयुर्वेद भयो तर त्यहाँ जनशक्तिको अभाव देखियो । अनि त्यो पारित भएको नीतिमा काउन्सिलको कुराहरू छन् । चिकित्सक सङ्घले परिषद् गठन गर्न र नीतिहरू पूरा गर्न दबाव दिएपछि परिषद् गठन भयो । परिषद् आएपछि अहिले पनि परिषद् मौजुदा छ । हामी आयुर्वेदको चिकित्सकहरूको दर्ता पनि त्यही परिषद्मा हुन्छ । त्यो समयमा अति मेहनत गरेपछि परिषद् आयो र अहिले आयुर्वेद चिकित्सकहरूको दर्ता प्रक्रिया चलिरहेको छ ।

त्यस्तै, इन्स्टिच्युट अफ आयुर्वेद नबनेसम्म जनशक्ति पूरा हुँदैन भन्ने हिसाबले लागिरह्यौँ तर आयुर्वेद क्याम्पस प्रशासन जसरी लाग्नुपर्ने हो, त्यसरी लाग्न सकेन । त्रिभुवन विश्वविद्यालयमा प्रा तीर्थ खनियाँ उपकुलपति भएर आएपछि उहाँलाई इन्स्टिच्युट अफ आयुर्वेद गठन गर्न दबाब दियौँ । त्यो बेला प्रधानमन्त्री केपी शर्मा ओली र शिक्षायस्मन्त्री गिरिराजमणि पोखरेल हुनुहुन्थ्यो । उहाँहरूले मेरो आफ्नै संयोजकत्वमा कमिटी गठन गर्नुभयो । कमिटीले बुझाएको प्रतिवेदनमा आयुर्वेदमा पनि २२ वटा विषयमा विशेषज्ञता हासिल गर्न सकिन्छ भन्ने विषय उल्लेख थियो । काया चिकित्सा (जनरल मेडिसिन आयुर्वेद), पञ्चकर्म (स्वधन चिकित्सा आयुर्वेद), सल्य चिकित्सा (सर्जरी आयुर्वेद), सालक्य मुख तथा दन्त रोग, कौमारभृत्य (बाल रोग आयुर्वेद), स्त्री प्रसूति, मनोविज्ञान एवम् मानसरोग (साइक्याट्रिक आयुर्वेद), रोग निदान एवम् विकृति विज्ञान (ल्याब आयुर्वेद), अगततन्त्र एवम् व्यवहार आयुर्वेद, द्रव्यगुण विज्ञान, रसशास्त्र, भैसज्य कल्पना (फार्मेसी), स्वस्थवृत (प्रिभेन्टिभ मेडिसिन आयुर्वेद), शरीर रचना (एनाटोमी आयुर्वेद) आदि गरी २२ वटा विषयको विशेषज्ञता हासिल गर्न सकिने भनेर प्रतिवेदनमा उल्लेख गरेको छ ।

त्यो प्रतिवेदन पारित भएर त्रिभुवन विश्वविद्यालयको सिनेटमा गएपछि त्यसबेलाको शिक्षामन्त्री गिरिराजमणि पोखरेलसँग भेटेर कुरा राख्यौं । त्यतिबेला उहाँले योगमाया आयुर्वेद विश्वविद्यालय बनाउने क्रममा रहेको बताउनुभयो । योगमाया आयुर्वेद विश्वविद्यालयका लागि पनि जनशक्ति पनि चाहिन्छ र त्यो जनशक्ति एकदिनमै तयार नहुने हुँदा आयुर्वेद क्याम्पसले यता तयार गर्दै जान सकिने हाम्रो सुझाव थियो । आयुर्वेदभन्दा बाहिरका आफ्ना गोजीका व्यक्तिलाई समिति र संयोजक बनाएका कारण अहिलेसम्म आयुर्वेद विश्वविद्यालय बन्ने योजना त्यतिकै थन्किन पुग्यो ।

आयुर्वेदको शिक्षाको नियोजन गरेर कसैलाई पनि फाइदा भएको छैन । अहिले आयुर्वेदमा पनि २२ वटा विषयमा विशेषज्ञता छ र आयुर्वेद परिषद्मा पनि विभिन्न १५ वटा विषयका आयुर्वेद चिकित्सहरू दर्ता भएर कार्यरत छन् । ती सबै विषयको अध्ययन यहाँ नेपालमा छैन । नेपालमा बिएएमएस र काया चिकित्सामा एमडी आयुर्वेदको पढाइ भएको छ । बाँकी विषयमा बाहिर गएर पढेर आएर यहाँ दर्ता भएका छन् । म आयुर्वेद परिषद्को पनि अध्यक्ष र आयुर्वेद क्याम्पसको विभागीय प्रमुखको साथै आयुर्वेद क्याम्पस सञ्चालक समितिको अध्यक्ष रहेको बेला भारतलाई पत्र लेखेर हाम्रो कोर्षलाई आधिकारिता प्रदान गरिदेऊ, हाम्रा विद्यार्थीले पढ्न पाउनन् भन्यौं । काउन्सिलले पत्र लेखेपछि डिन कार्यालयले भारत सरकार र काउन्सिललाई पत्र पठायो । आयुर्वेदप्रति भारत पनि सकारात्मक भएको कारणले अहिले आयुर्वेदको १५ विषयमा पिजी गर्ने व्यवस्था भारतमा छ र त्यहाँ पढेर आएपछि यहाँ दर्ता पनि छन् तर त्यो चीज हामीले यहाँ किन गर्न नसक्ने ? त्यसो भएको हुँदा यो विषयलाई उठान गर्नुपर्‍यो भन्ने लागेको हो ।

अहिले विशेष गरेर क्याम्पसले यस विषयलाई उठान गरेर लिएर जानसक्ने अवस्था र वातावरण देखिँदैन । यतिबेला आयुर्वेद क्याम्पस प्राध्यापकविहीन छ । यहाँ भएका प्राध्यापकहरू सेवानिवृत्त भए । अब अहिले त्यहाँ भएका जनशक्ति राजनीतिक दलका कार्यकर्ता जस्ता भएका छन् । सबैले आफू अमुक दलका हो भनेर जाने गरेका छन् । शैक्षिक क्षेत्रमा त्यसरी राजनीतिक

बाँकी अन्तिम पृष्ठमा


## हार्दिक श्रद्धाञ्जली तथा समवेदना



यस नेपाल कम्यूनिष्ट पार्टी, एकीकृत समाजवादी पार्टी, सप्तरीका सह-ईन्चार्ज कमरेड श्रीमती उषा खतिबडा तथा पार्टीका केन्द्रिय प्रचार विभागका सचिव कमरेड प्रकाश खतिबडाज्यूको छोरी प्रिजा खतिबडा, ज्वाईं मनुराज शर्मा र नाति अधिराज शर्माको मिति २०८१ श्रावण ०९ गते सौर्य एअर लाइन्सको जहाज दुर्घटनामा परि भएको असामयिक निधनले हामी पार्टीका समस्त नेता कार्यकर्ता अति मर्माहत र दुःखले स्तब्ध भएका छौं । मृतक मनुराज, प्रिजा र अधिराजको आत्माको चिर शान्तिको कामना गर्दै १३ औं दिनको पुण्य तिथिको अवसरमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै साथै शोकाकुल समस्त परिजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**प्रताप नारायण चौधरी**
जिल्ला अध्यक्ष तथा कार्य समिति परिवार
नेपाल कम्यूनिष्ट पार्टी (एकीकृत समाजवादी) सप्तरी


## विश्व समाचार

### कठिन समयमा आमालाई सहयोग गर्न नसकेकामा पूर्वप्रधानमन्त्री हसिनाकी छोरीद्वारा दुःख व्यक्त

नयाँदिल्ली, २४ साउन (रासस/एएनआई) ।

बङ्गलादेशकी पूर्वप्रधानमन्त्री शेख हसिनाकी छोरी साइमा वाजेदले देशको कठिन समयमा आफ्नी आमाको दुःखमा साथ दिन नसकेकामा निराशा व्यक्त गर्नुभएको छ ।

उहाँले बङ्गलादेशमा द्वन्द्वका कारण ज्यान गुमाएकाप्रति दुःख प्रकट गर्दै र देशमा जारी अशान्ति छिट्टै अन्त्य हुने विश्वास व्यक्त गर्नुभयो ।

दक्षिण-पूर्वी एसियाका लागि विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) को क्षेत्रीय निर्देशक शेख हसिनाकी छोरी साइमाले सामाजिक सञ्जाल एक्समा भन्नुभयो, "मेरो देशमा भएको मानवीय क्षति हृदयविदारक छ । म यो कठिन समयमा मेरी आमाको साथमा हुन सकिँन । म डब्ल्यूएचओले प्रदान गरेको भूमिकाका लागि प्रतिबद्ध छु ।"

साइमाले यस वर्षको फेब्रुअरीमा दक्षिण-पूर्वी एसिया क्षेत्रका लागि डब्ल्यूएचओको क्षेत्रीय निर्देशकको रूपमा कार्यभार सम्हाल्नुभएको थियो । साइमा यो पद सम्हाल्ने पहिलो बङ्गलादेशी र दोस्रो महिला हुनुहुन्छ ।

विद्यार्थी नेतृत्वको विद्रोहका कारण शेख हसिनाले आफ्नो पदबाट राजीनामा दिएपछि बङ्गलादेशले अस्थिर राजनीतिक अवस्थाको सामना गरिरहेको छ ।

शेख हसिनाले बङ्गलादेशको प्रधानमन्त्रीको पदबाट राजीनामा दिएर देश छोडेको एक दिनपछि राष्ट्रपति मोहम्मद शाहाबुद्दिनले अन्तरिम प्रशासन गठनका लागि देशको संसद् विघटन गर्नुभयो ।

नोबेल पुरस्कार विजेता मुहम्मद युनुसलाई बङ्गलादेशको अन्तरिम सरकारको प्रमुखमा नियुक्त गरिएको छ । मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारका सदस्यहरूले बिहीबार राति शपथग्रहण गर्ने डेली स्टारले जनाएको छ ।

सेना प्रमुख जनरल वाकर-उज-जमानले अन्तरिम सरकारमा अहिले १५ जना सदस्य हुनसक्ने सङ्केत गर्नुभएको छ । अन्तरिम सरकारका सदस्यहरूको नाम सार्वजनिक गरिएको छैन ।

### बङ्गलादेशमा रहेका सयौँ हिन्दू नागरिक भारत प्रवेश गर्ने प्रयासमा

कलकत्ता, २४ साउन (रासस/एएफपी) ।

विद्यार्थी नेतृत्वको विद्रोहले प्रधानमन्त्री शेख हसिनालाई सत्ताबाट अपदस्थ गरेको केही दिनपछि सुरक्षाको समस्या देखाउँदै बङ्गलादेशका सयौँ नागरिक भारत प्रवेशका लागि भारत-बङ्गलादेश सीमामा भेला भएका बिहीबार सुरक्षा अधिकारीहरूले बताएका छन् ।

हसिनाको निष्कासनपछि मुस्लिम बहुल बङ्गलादेशका केहीले उहाँसँगको निकट सम्बन्धको आशङ्कामा हिन्दूहरूको स्वामित्वमा रहेका केही व्यवसाय र घरहरूमा आक्रमण गरेका थिए ।

"सयौँ बङ्गलादेशी नागरिक प्रायः हिन्दूहरू, बङ्गलादेशसँगको भारतको सिमानामा भेला भएका छन्", भारतको सीमा सुरक्षा बल (बीएसएफ) का उप-महानिरीक्षक अमितकुमार त्यागीले बताउनुभयो ।

पश्चिमबङ्गाल राज्यको भारतीय सिमाक्षेत्रको अन्तिम बिन्दुमा २०० जना र पश्चिमबङ्गाल राज्यको जलपाईगुडी जिल्लामा ६०० भन्दाबढी भेला भएका त्यागीले बताउनुभयो ।

"दुई देशबीचको सीमामा कुनै पर्खाल नभएको कारण बीएसएफका जवानले भीडलाई टाढा राख्न मानव ढाल निर्माण गरेका थिए । अधिकारीहरूले सीमाक्षेत्रबाट भीड पन्छाउन हवाई फाएर गरेका थिए", उहाँले भन्नुभयो ।

सन् २००९ देखि सत्तामा रहनुभएका ७६ वर्षीया हसिनाले एक महिनाभन्दा बढी चलेको आक्रामक विरोध प्रदर्शनपछि सोमबार राजीनामा दिनुभएको हो । त्यसपछि बङ्गलादेशको सुरक्षा स्थितमा सुधार भएको छ तर उहाँका समर्थक र पार्टीका अधिकारीमाथि आक्रमणको खबर आएको छ ।

बङ्गलादेश हिन्दू, बौद्ध, क्रिश्चियन, युनिटी काउन्सिलले यस हप्ताको सुरुमा सोमबार कम्तीमा १० वटा हिन्दू मन्दिरहरूमा आक्रमण गरिएको बताएको थियो ।

### पुटिनलाई पक्राउ गर्न आग्रह

मेक्सिको सिटी, २४ साउन (रासस/एएफपी) ।

मेक्सिकोस्थित युक्रेनी दूतावासले रूसी नेता भ्लादिमिर पुटिनलाई नवनिर्वाचित राष्ट्रपति क्लाउडिया शेनबामको शपथग्रहण समारोहमा सहभागी भए पक्राउ गर्न मेक्सिको सरकारसँग आग्रह गरेको छ ।

पुटिनलाई 'युद्ध अपराध' मा संलग्न रूसी नेताको रूपमा संज्ञा दिँदै आएको किएभको प्रतिनिधिमण्डलले अक्टोबर १ मा हुने शपथग्रहण समारोहमा युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीलाई निमन्त्रणा दिएकोमा मेक्सिकोलाई पनि धन्यवाद दिएको छ ।

युक्रेनी दूतावासले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "हामीलाई विश्वास छ, मेक्सिको सरकारले कुनै पनि अवस्थामा अन्तर्राष्ट्रिय पक्राउ पूर्जीको पालना गर्नेछ र पुटिनलाई हेगस्थित संयुक्त राष्ट्रसङ्घको न्यायिक निकायलाई हस्तान्तरण गर्नेछ ।

मार्च २०२३ मा, अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) ले सन् २०२२ को सुरुमा मस्कोको आक्रमणपछि युक्रेनी बालबालिकालाई जबर्जस्ती रूसमा निर्वासित गरेको विषयमा युद्ध अपराधको आरोपमा पुटिनविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो ।

शेनबामका विदेशमन्त्री जुआन रामोन डे ला फुएन्टेले मेक्सिकोसँग कूटनीतिक सम्बन्ध भएका हरेक देशका नेतालाई उद्घाटन समारोहमा आमन्त्रण गर्नु 'मानक प्रोटोकल' भएको बताएका छन् ।

मेक्सिकोको पहिलो महिला राष्ट्रपति बन्न लागेकी शेनबामले गत जुन २ मा भएको आम निर्वाचनमा ऐतिहासिक जित हासिल गर्नुभएको थियो । पुटिन र जेलेन्स्की उहाँलाई बधाई दिने विश्वका नेताहरूमध्ये एक थिए ।

# उर्जा र सिंचाई क्षेत्रको विकास उच्च प्राथमिक्तामा : मन्त्री रजक

**दैनिक समाचारदाता**
**राजविराज, २४ साउन ।**

मधेश प्रदेशका नवनियुक्त उर्जा, सिंचाई तथा खानेपानी राज्यमन्त्री निलम कुमारी रजकले उर्जा क्षेत्रको विकासलाइ प्रदेश सरकारले उच्च प्राथमिक्तामा राखेको बताएकी छिन ।

विहीवार गृहजिल्लाको सदरमुकाम राजविराजमा एक संस्थाले उनको सम्मानमा आयोजना गरेको कार्यक्रमलाई प्रमुख अतिथीको रुपमा सम्बोधन गर्दै उनले यस्तो बताएकी हुन ।



दुई दिन अघि मात्र उनी नेपाली काँग्रेसको कोटाबाट राज्यमन्त्रीको जिम्मेवारी सम्हालेकी छिन । मन्त्री भएपछी गृहजिल्लामा पहिलो पटक कार्यक्रममा बोल्दै उनले प्रदेशलाई समृद्ध बनाउन उर्जा र सिंचाई महत्वपुर्ण क्षेत्र भएकाले यसलाई उच्च प्राथमिक्तामा राखिएको बताईन ।

उनले वर्तमान प्रदेश सरकार संग जनताका धेरै अपेक्षा र भरोसा रहेको भन्दै जनताका समस्या समाधान गर्न आफु इमान्दारीताका साथ अघि बढ्ने प्रतिबद्धता समेत ब्यक्त गरिन । उनले बाहिर जे जति भ्रम र हल्ला फिजाईए पनि वर्तमान प्रदेश सरकार पुरै कार्यकाल टिक्ने दाबी पनि गरिन ।

## *आयुर्वेद प्रतिष्ठानको ...*

कार्यकर्ता भएर चल्दैन । शैक्षिक रूपमा तटस्थ भएर काम गर्नुपर्ने हुन्छ । २०५९/६० सालतिर इन्स्टिच्युट अफ आयुर्वेद हुन नसक्ने अवस्थामा हामीले यता वीर अस्पताल प्रतिष्ठान बन्न सक्छ भने आयुर्वेद प्रतिष्ठान किन नबन्ने भन्ने अवस्थामा मन्त्रालयमा कुरा उठिसकेपछि मन्त्रालयले एउटा प्रस्तावना राष्ट्रिय आयुर्वेद प्रतिष्ठानको अवधारणाको लेख्नका लागि तयारी गऱ्यो ।

प्रस्तावना लेखियो, तयार पनि भयो, त्यसलाई पास पनि गरियो । आयुर्वेद प्रतिष्ठान खोल्ने भनी आधिकारिक निर्णय पनि भयो तर त्यो थन्किएर बस्यो । नरदेवी आयुर्वेदिक चिकित्सालयमा राख्ने गरी निर्णय पनि भएको थियो । किनभने प्रतिष्ठान बनाउनका लागि अस्पताल आवश्यक पर्छ, त्यसैले नरदेवीमा राख्ने निर्णय पनि भयो । त्यसको समन्वय आयुर्वेद क्याम्पस, आयुर्वेद रिसर्च सेन्टर, सिंहदरबार वैद्यखानासँग गर्ने भन्ने अवधारणामा त्यसलाई पास गरियो तर कार्यान्वनमा आएको छैन । जनशक्ति पनि नेपालका लागि आवश्यक छ । यसका लागि धेरै ठूलो भौतिक पूर्वाधारको निर्माणतर्फ पनि जानु पर्दैन ।

वीर अस्पतालको पूर्वाधारलाई लिएर प्रतिष्ठान बनेको छ । जुम्ला, पोखरा, धरानलगायत धेरै ठाउँमा यस्ता प्रतिष्ठानहरू बनेका छन् । त्यही अभ्यासका आधारमा आयुर्वेदको दक्ष जनशक्ति तयार गर्नका लागि आयुर्वेदका सबै क्षेत्रलाई लिएर आयुर्वेद प्रतिष्ठान स्थापना गरेर अगाडि बढ्न आवश्यक छ । अहिले कुनै दाग नलागेको र धेरैले आशा गरेको व्यक्ति प्रदीप पौडेल स्वास्थ्यमन्त्री बन्नुभएको छ । उहाँले यसतर्फ ध्यान दिएर मुलुकलाई फाइदा पुग्ने निर्णय गर्नुहुनेछ भन्ने विश्वास धेरैको छ । त्यसका लागि जस्तोसुकै सहयोग गर्न तयार छौं । अहिलेको मौजुदा जनशक्तिबाट पनि यो काम गर्न सम्भव छ ।

आयुर्वेद शिक्षाकै कुरा गर्दा योगमाया आयुर्वेद विश्वविद्यालय बनाउने कुरा पनि त्यतिकै सेलाएर गरेको छ । भारतमा स्वास्थ्यलाई चाहिने जनशक्ति स्वास्थ्यले नै तयार गरेको छ । आयुर्वेद विभागले पनि आयुर्वेदतर्फको जनशक्ति सबै जिल्लामा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र छन्, प्रत्येक पालिकामा आयुर्वेद औषधालयहरू राख्ने कार्यक्रम थियो । ती ठाउँमा पनि जनशक्ति राख्नुपर्ने हुन्छ । प्रतिष्ठान सञ्चालनका लागि आयुर्वेद विभागले पनि यसलाई पहल गर्नुपर्ने आवश्यकता छ । आयुर्वेदमा दक्ष जनशक्ति नभई सेवा हुँदैन ।

अर्को पाटो सिंहदरबार वैद्यखानाको छ । नेपालको जडीबुटीहरू नेपालमै उद्योग स्थापना गरेर जानुपर्ने हुन्थ्यो । वैद्यखानामा समिति भएर काम हुँदा त्यसले जति राम्रो काम गऱ्यो त्यहाँ बाहिरबाट मान्छे खोजेर लिएर जाँदाखेरि त्यो काम गर्न सकेन । यस्ता ठाउँहरूमा विज्ञ व्यक्ति पठाउनुपर्छ, मन्त्रीको गोजीबाट पठाउने होइन । विषय विज्ञलाई उसको कार्यकालसम्म राजनीतिक हस्तक्षेप नगरी उसको कार्यकुशलता देखाउने अवस्था सिर्जना गर्नुपर्छ । त्यहाँ भएका उपकरण खिया लागेर गइसके, अहिले औषधि बन्दैन । सिंहदरबार वैद्यखाना हाम्रो इतिहास हो, दक्षिण पूर्वी एसियाको जेठो संस्था हो । झन्डै तीन सय ७५ वर्षभन्दा पुरानो संस्था हो । यो संस्थाको साख राख्न त्यहाँ विषयविज्ञ लगेर सञ्चालन गराउनुपर्छ ।

नेपालमा भएका जडीबुटीहरू सरकारले सङ्कलन गरेर औषधिका रूपमा उपयोगमा ल्याउनुपर्छ । अहिले नेपालको वनबाट पूर्वमा सङ्कलन भएका जडीबुटी भारतको पटनामा जाने गरेको छ । त्यहाँ ठूलो सङ्ग्रहालय छ । त्यहाँ हिमालबाट बनेको जडीबुटी भनेर राखिएको छ ।

त्यस्तै, नेपालको पश्चिमतिर सङ्कलन भएका जडीबुटीहरू दिल्लीको लालकिल्लाको पश्चिमपट्टि खारीबोली भन्ने ठाउँमा राखिएका छन् । नेपालमा भएका जडीबुटीहरू उखेलेर भारततर्फ पुऱ्याइएको छ । जङ्गलमा कुरिलो खोज्दा अहिले नपाउने अवस्था छ । कुरिलोबाट साह्रै तागतिलो औषधि बन्छ, विशेषगरी बूढाबूढीले खाने औषधि बन्छ । अहिले यहाँ हामीकहाँ तरकारी खाने कुरिलो छ तर औषधीय गुणले भरिएको जमिनमुनिको जरा खाने कुरिलो लोप हुने अवस्थामा पुगिसकेको छ । अझै पनि नेपालका हिमाली, पहाडी र तराई क्षेत्रमा धेरै जडीबुटीहरू छन् । अहिलेको बजेटमा कस्तुरीपालनको कुरा आएको छ, यो भने निकै राम्रो कुरा हो । म वैद्यखानामा छँदा हिमाली क्षेत्रमा कस्तुरीपालन गर्नुपर्छ भनेर जग्गा खोजिएको थियो ।

नेपालको जडीबुटीलाई प्रशोधन गर्न भारतसँग गुहार माग्नु पर्दैन । अहिले रामदेवसँग गुहार मागिएको छ । उनले यहाँ कस्तो अवस्था बनाएका छन् त्यो सरकाले बुझ्दैन । एउटा विदेशी आयो भने त्यसलाई काँध चढाएर हिँड्ने नेताहरूले हामी नेपालीहरूमा कसको खुबी के छ, कसले के गर्न सक्छ भनेर खोज्न नसक्ने भएका छन् । स्वाभिमान मान्छे मलाई यो चाहियो भनेर हिँड्दैन । ज्ञान र सीप भएका व्यक्तिलाई सरकारले खोजेर काम लिन सक्नुपर्छ, तब मात्रै आयुर्वेदको क्षेत्रमा परिवर्तन आउन सक्छ । (आयुर्वेद चिकित्सा विज्ञानका विज्ञ प्राडा सापकोटासँग राससका परासी समाचारदाता टेकराज पोखरेलले गर्नुभएको कुराकानीमा आधारित)

# छिन्नमस्ता मन्दिरमा अनावश्यक हस्तक्षेप हुन थालेको गुनासो



**दैनिक समाचारदाता**
**राजविराज, २४ साउन ।**

प्रसिद्ध शक्तीपीठ मध्येका एक सप्तरीको छिन्नमस्ता गाउँपालिकास्थित छिन्नमस्ता भगवती मन्दिर समितीको नियमित कामकाजमा अनावश्यक हस्तक्षेप हुन थालेको गुनासो गरिएको छ ।

बिहीवार मन्दिरका पिठाधिश महाकान्त ठाकुर तथा छिन्नमस्ता भगवती मन्दिर संरक्षण सम्बर्द्धन समितिका सचिव बाबु नारायण मण्डलले संयुक्त प्रेस विज्ञप्ती जारी गर्दै यस्तो गुनासो गरेका हुन् ।

जनआस्थाको केन्द्र रहेको मन्दिरमा केही दिन यता केही ब्यक्तीहरुले विभिन्न गुट, उपगुट बनाई पुजारी तथा समितिका पदाधीकारीहरुमाथी अनावश्यक दवाव दिने, निर्णयहरुमा हस्तक्षेप गर्ने, अमर्यादित ब्यवहार गर्ने र धाकधम्की समेत दिएर तर्साउन खोज्ने लगायतका गतिवीधी हुन थालेको विज्ञप्तीमा उल्लेख छ ।

केही ब्यक्तीले आफ्नो स्वार्थपुर्तीका लागी मन्दिर जस्तो पवित्र स्थललाई पनि राजनीतिको अखडा बनाउन खोजेको दोषारोपण सहित विज्ञप्ती मार्फत यसबारे पालिकाका सबै सचेत नागरिकले चासो राख्नु पर्ने र त्यस्ता प्रवृतिका व्यक्तीलाई निरुत्साहित पार्न सहयोगका लागी आग्रह समेत गरिएको छ ।

विज्ञप्तीमा मन्दिर समितिका नयाँ विधान निर्माण गरी दर्ता प्रकृयाका लागी जिल्ला प्रशासन कार्यालयमा बुझाइ सकिएको र सो प्रकृयामा सघाउन समेत सम्पुर्ण गाउँवासीलाई आग्रह गरिएको छ ।

# छ किलो कोकिनसहित विमानस्थलबाट विदेशी नागरिक पक्राउ

काठमाडौं, २४ साउन (रासस) ।

प्रहरीले छ किलो २४ ग्राम अवैध लागुऔषध कोकिनसहित एकजना विदेशी नागरिकलाई पक्राउ गरेको छ । कतार एयरवेजको उडानद्वारा नेपाल आएका लाटभियाका नागरिक इभ्रस भलटेर्सलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयको आगमन कक्षबाट लागूऔषध नियन्त्रण ब्यूरोबाट खटिएको प्रहरीले पक्राउ गरेको हो ।

सुटकेसभित्र लुकाई-छिपाई राखेको उक्त परिणामको कोकिनसहित लाटभियाका नागरिकलाई पक्राउ गरिएको प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिनुभयो । बुधबार पक्राउ परेका निजमाथि लागुऔषध मुद्दामा जिल्ला अदालत काठमाडौंबाट म्याद थप अनुमति लिई यस सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको उहाँले बताउनुभयो ।

# ६ सय ११ किलोग्राम गाँजासहित दुई भारतीय पक्राउ

**दैनिक समाचारदाता**
**महोत्तरी, २४ साउन ।**

भारततर्फ गाँजा तस्करी गरेको अभियोगमा दुईजना भारतीय नागरिक पक्राउ परेका छन् ।

पूर्वपश्चिम राजमार्गअन्तर्गत बर्दिबास नगरपालिका-१४ मा छ सय ११ किलोग्राम गाँजासहित उनीहरू बुधबार राति पक्राउ परेका हुन् ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता सन्तुलालप्रसाद जैसवालका अनुसार विहारको मोतिहारीका २५ वर्षीय गुड्डुकुमार यादव र सोही ठाउँका २९ वर्षीय मनिषकुमार गिरीलाई पक्राउ गरिएको हो ।

मिनी ट्रक प्रयोग गरेर उनीहरूले गाँजा तस्करीको प्रयास गरेका थिए । तस्करीमा प्रयोग भएको सवारी साधनलाई पनि नियन्त्रणमा लिइएको छ ।


# राजविराजको मेन रोडमा सटर भाडामा चाहिए सम्पर्क गर्नुहोस

राजविराजको मुख्य बजार मेनरोडमा पसल, व्यवसाय, बैंक तथा वित्तिय संस्था र विमा कम्पनीका लागि कोठा भाडामा चाहिए सम्पर्क गर्नुहोस् ।

**सम्पर्क नं.**
**९८४२८२१०८२, ९८१९७२५०८२**

राजविराज नगरपालिका वडा नं. ४, मेनरोड


# हार्दिक श्रद्धाञ्जली तथा समवेदना



हाम्रा मित्र तथा नेपाल पत्रकार महासंघ शाखा सप्तरीका पूर्व अध्यक्ष श्री प्रकाश खतिबडाज्यूको छोरी प्रिजा खतिबडा, ज्वाईं मनुराज शर्मा र नाति अधिराज शर्माको मिति २०८१ श्रावण ०९ गते सौर्य एअर लाइन्सको जहाज दुर्घटनामा परि भएको असामयिक र दुःखद निधनले हामी मर्माहत मात्र भएको छैनौं स्तब्ध र शोकाकुल भएका छौं । जहाज दुर्घटनामा परी निधन हुनु भएका मनुराज अधिकारी, प्रिजा अधिकारी र अधिराज अधिकारीको आत्माको चिर शान्तिको कामना गर्दै १३ औं दिनको पुण्य तिथिको अवसरमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं साथै शोक सन्तप्त समस्त परिवार तथा आफन्तजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**अधिवक्ता सतीश कुमार दत्त**
कार्यकारी सम्पादक, हिम किरण
राजविराज-८, सप्तरी


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*